# भुम्लु गाँउपालिका

## गाँउ कार्यपालिकाको कार्यालय

## सल्ले भुम्लु, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

प.स.:-२०७७।०७८

च.न.:-

**प्रथम पटक प्रकाशित मितिः २०७७।१२।०५**

**विषयः- ५० प्रतिशत अनुदानमा विद्युतिय मल्टिच्यापकटर वितरण सम्वन्धि सुचना ।**

**श्री सवै वडा कार्यालय,**

भुम्लु गाउँपलिका पशु सेवा शाखा को आ.व. २०७७।०७८ को बार्षिका स्वीकृत कार्यक्रम अनुसार किसानलाई विद्युतीय मल्टि च्यापकटर वितरण कार्यक्रम अन्तर्गत व्यवसायिक गाईभैसी तथा बाखा पालनको लागि ११ वटा ५०% मा विद्युतीय मल्टि च्यापकटर वितरण गर्ने कार्यक्रम रहेको हुदाँ भुम्लु गाउँपालिका भित्रका ईच्छुक दर्तावाल व्यवसायिक गाईभैसी तथा बाखा फार्म हरुबाट दरखास्त आह्वनका लागि यो सुचना प्रकाशित गरिन्छ ।यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिलका कागजातहरु सहित यस कार्यालयमा आवेदन पेश गर्न हुन अनुरोध छ।यो सुचनाको म्याद सकिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलि पल्ट कार्यालय समयमा आवेदन दिन सकिने व्यहोरा समेत जानकारी गराईन्छ।

<u>तपसिल</u>

१. कृषकको निवेदन
२. सम्वन्धित वडा कार्यालयको सिफारिस १ थान
३. फार्म दर्ता/नविकरण / कर चुक्ता प्रमाण-पत्र को प्रतिलिपी १ थान
४. कृषकको नागरिकताको प्रतिलिपी १ थान/ कृषकको फोन नं.

<u>शर्तहरु</u>

१. विगत २ आर्थिक बर्ष भित्र सो मेसिन अनुदान पाएका फार्महरुलाई छनौट गरिने छैन छनौट भए पनि अनुदान लिएको खुलेमा जनुसुकै बखत छनौट सुचि बाट हटाउन सकिनेछ।
२. निवेदन पेश गर्ने स्थानः भुम्लु गाउँपालिका पशु सेवा शाखा वा सम्वन्धित वडा कार्यालय मा
३. सम्पर्क नम्बरः ९८४३४९३१९०

मदन कुमार बजगाँई
प्रमुख प्रशासकीय अधिकृत